१५५ औं बैठक

आज मिति २०८२/०८/०७ गते दिउँसो १:०० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री दल बहादुर धामी | सदस्य सचिव | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. २. विपद व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३. खानेपानी सम्बन्धमा ।

प्रस्ताव नं. ४. NWASH-MIS को बजेट माग सम्बन्धमा ।

प्रस्ताव नं. ५. पुर्ण विद्युतीकरण सम्बन्धमा ।

प्रस्ताव नं. ६. सुर्नया काँडा लिफ्टीङ आयोजनाको स्रोत सहमति माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७. तह मिलान सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरुः**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगर शिक्षा समितिको मिति २०८२।०७।२४ गतेका तपसिलबमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

- विद्यालय समायोजन तथा व्यवस्थापन सम्बन्धमा ।

  मेलौली नगरपालिका भित्रका समायोजन भएका सामुदायिक विद्यालय र त्यहाँको भौतिक संरचनाहरुको संरक्षणको जम्मा गाभिएको विद्यालयको रहने गरि पूर्ण समायोजनमा परेका दुईवटा विद्यालयको संरक्षणको जिम्मेवारीको विषयमा विजयपुर मा.वि. तितावै र धर्मघर मा.वि. सलेनालाई पत्राचार गर्ने ।

- पुर्ण समायोजन भएका विद्यालयको IEMIS कोड नम्वर खारेज गर्ने सम्बन्धमा ।

  पूर्ण समायोजनमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्थानान्तरणका लागी Student Transfer गरि गाभिएको विद्यालयमा अध्यावधिक गर्ने र त्यसपछि उक्त विद्यालयको IEMIS कोड खारेजी गर्नका लागी सम्वन्धित निकायमा अनुरोध गरी सो को जानकारी सम्वन्धित विद्यालयलाई गराउने ।

- नगर शिक्षा योजना निर्माण गर्ने सम्बन्धमा

  मेलौली नगरको नगर शिक्षा योजना निर्माणका लागि आवश्यक बजेट व्यवस्थापनका लागि आगामी कार्यपालिकामा छलफल गरी नगरसभामा पेश गर्ने ।

- पुल दरबन्दिका शिक्षक समायोजन तथा व्यवस्थापन सम्वन्धमा

  विद्यालय समायोजन तथा शिक्षक समायोजन व्ययवस्थापनका लागि थप आवश्यक मापदण्ड निर्धारण गरि समायोजन हुने शिक्षकको व्यवस्थापन गर्नका लागि व्यापक थप अध्ययन गर्नका लागी ५ (पाचँ) सदस्यीय व्यवस्थापन समिति चयन गर्ने र सो समितिले यथार्थ विषय वस्तु सम्वन्धि प्रस्तावित तयारी प्रतिवेदनलाई थप छलफल र विस्तृत अध्ययन गरी कार्यान्वयनमा लैजाने गरि तपसिल बमोजिमको समिति चयन गर्ने ।

**तपसिलः-**

| | |
|---|---|
| १) लोकराज भट्ट | (संयोजक) |
| २) पदम राज जोशी | (सदस्य) |
| ३) हरिदत्त भट्ट | (सदस्य) |
| ४) शान्ती साउँद | (सदस्य) |
| ५) महेन्द्र सिह नायक | (सदस्य) |

अन्य प्रस्तावहरु उपर आवश्यक छलफल गर्नका लागि भोलि मिति २०८२।०८।०८ गते विहान १०:०० बजे पुनः वस्ने गरी आजको बैठकका सम्पुर्ण कामकारवाहीहरु स्थगीत गरीयो ।

दल बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

मित्र बहादुर चन्द
नगर प्रमुख

क्रमसः

२०८२।०८।०८ गते

**निर्णय नं. २.** प्रस्ताव नं. २ का सम्बन्धमा अर्को कार्यपालिका बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका वडा नं. ९ मा खानेपानीको समस्या रहेकोमा विगतमा पटक पटक गरी बजेट विनियोजन भएको भएपनि हालसम्म विविध कारण बस खानेपानी योजनाको कार्य सञ्चालन हुन नसकेको र आ.व. २०८२।०८३ मा प्रदेश सरकारबाट मेलौली नगरपालिका, वडा नं. ९ मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले कार्यान्वयन गर्ने गरी विशालपुर लिफ्ट खानेपानी शिर्षकमा रु. १०,००,०००।- विनियोजन भएको भए पनि उक्त रकम योजना निर्माण कार्य गर्न अपुग भएकाले चालु आ.व. मा समेत योजना कार्यान्वयन हुन नसक्ने अवस्था सृजना भएको हुँदा उक्त योजना सम्पन्न गर्नका लागि आवश्यक थप बजेट विनियोजन गरीदिनका लागि श्री सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WaSH-Plan) N-Wash MIS योजना तयारीका लागि कुल लागत अनुमान १५,००,०००।- रहेकोमा नेपाल सरकार, खानेपानी मन्त्रालय संघीय सशर्त अनुदान अन्तर्गत आ.व. २०८२।०८३ मा स्वीकृत कार्यविधि बमोजिम पालिकाको Geo-referenced Water Supply, Sanitation and Hygiene (Wash) plan बनाउने कार्य शीर्षकमा रु. ५,००,०००।- विनियोजन भई आएकाले यस नगरपालिकाको आन्तरीक आयबाट रु. ५,००,०००।- विनियोजन गर्ने र मन्त्रालयबाट रकम रु. ५,००,०००।- अक्षेरुपी पाँच लाख रुपैयाँ मात्र विनियोजन गरिदिनका लागि श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा पुर्ण विद्युतिकरण गर्नका लागि DPR तयारी पश्चात् ठेक्का सम्झौता भएको भएपनी हालसम्म देहायबमोजिमको संख्यामा मात्र पोल र अन्य विद्युतिय समाग्री उपलब्ध भएकाले नगरपालिकामा पुर्ण विद्युतिकरणको कार्य सम्पन्न हुन नसकेको हुँदा पुर्ण विद्युतिकरण कार्य गर्नका लागि बनेको DPR बमोजिम सम्पन्न हुन बाँकी कार्यका लागि आवश्यक पोल तथा सो संग सम्वन्धित विद्युतिय सामग्री उपलब्ध गराई यथाशिघ्र पुर्ण विद्युतिकरणको कार्य अगाडी बढाईदिनका लागि श्री उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय, सिंहदरबार, काठमाण्डौमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

देहायः

| वडा नं. | हाल सम्म प्राप्त पोल संख्या | |
|---|---|---|
| | ठुलो | सानो |
| ५ | ४१ | ७१ |
| ६ | ३५ | ५२ |
| ७ | ४० | ७२ |
| ८ | ६५ | ६८ |
| ९ | ३१ | ४४ |
| कुल जम्मा | २१२ | ३०७ |

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको नगर गौरबको आयोजनामा सिफारिस भई DPR समेत तयार भइसकेको Dhadun kaparta Sungya Sumaya kada Birhat WSP को SCH3 को सुर्नया काँडा बृहत लिफ्टीङ आयोजना स्रोत सहमती नहुँदा अन्यौलमा परेको उक्त आयोजनाले यस मेलौली नगरपालिकाको मुख्य काँडा बजार क्षेत्र, अस्पताल, जिल्ला आयुर्वेद अस्पताल, विद्यालयहरु, क्याम्पस र इलाका प्रहरी कार्यालय, नगरपालिका कार्यालय, वडा कार्यालयहरु र करिब १५००० उपभोक्ताहरु शुद्ध खानेपानिको पहुंचमा समावेश भई खानेपानिको

दल बहादुर धामी
प्रमुख प्रशासकिय अधिकृत

मुख्य समस्या समाधान भई यहाँका नागरिकको जीवन स्तरमा समेत आर्थिक रुपान्तरण भई सकारात्मक सम्भावना यस सुर्नया कौडा लिफ्टीङ खानेपानी आयोजनाका संग जोडीएको हुँदा शुद्ध खानेपानी पाउनुपर्ने नागरीकको अधिकारको सुनिश्चित गर्ने नेपाल सरकारको कानुनि ब्यवस्थाको स्मरण गर्दै आधारभुत आवश्यक्तसंग जोडीएको यो आयोजनाका लागी नेपाल सरकार, खानेपानी मन्त्रालय एवम् खानेपानी विभागसंग स्रोत सहमति माग गरी यथाशिघ्र उक्त आयोजना अगाडी बढाईदिनहुन विशेष अनुरोध गर्ने निर्णय सर्वसम्मती वाट पारित गरियो

<u>निर्णय नं. ७</u>, प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा कार्यरत विविध कर्मचारीहरुको तहमिलान सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

दल बहादुर धामी
प्रमुख प्रशासकिय अधिकृत

शिव बहादुर चन्द
नगर प्रमुख